मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १४ गते बिहीबार ❑ 28 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## मानवअधिकार आयोगद्वारा जेनजी आन्दोलनसम्बन्धी अनुसन्धान प्रतिवेदन सिफारिस

**रासस**
काठमाडौं, १३ जेठ

राष्ट्रिय मानवअधिकार आयोगले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनाबारे आफ्नो अनुसन्धान प्रतिवेदन कार्यान्वयनका लागि आज नेपाल सरकारलाई पत्राचार गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलका अनुसार घटनामा मानवअधिकार उल्लङ्घकर्तालाई कानुन बनाएर कारबाही गर्ने सिफारिस गरिएको हो । आयोगको सिफारिसमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरूङसमेतलाई मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा लिँदै नयाँ कानुन निर्माण गरेर कानुनबमोजिम कारबाही गर्न आयोगले सुझाव दिएको छ।

प्रतिवेदनमा तत्कालीन समयमा नक्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जेलबाट निस्केको घटनाका सम्बन्धित व्यक्तिहरूलाई थप अनुसन्धान गर्न सिफारिस गरिएको छ।

यसैगरी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका वरिष्ठ अधिकारी एवं काठमाडौँ उपत्यकाका तत्कालिन निजामती तथा सुरक्षा निकायका अधिकारीहरूलाई पनि अनुसन्धान तथा कारबाही गर्न सिफारिस गरिएको छ।

आन्दोलनपूर्व र प्रदर्शनपश्चात् अभिव्यक्ति दिने अभियन्ता र आबद्धकर्ताहरू गणेश कार्की, सुलभ खरेल, असिममान बस्नेत, भाग्य न्यौपाने, टङ्क दाहाल, भिक्टर पौडेलगायतलाई पनि अनुसन्धान गर्न प्रतिवेदनमा भनिएको छ । आयोगले आज २६ औँ वार्षिकोत्वससमेत मनाएको छ।

## पोखराको फिर्केखोलाको खोलाघरका १०५ अतिक्रमित संरचना भत्काइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ



पोखराको मध्यभाग भएर बग्ने फिर्के खोलाको अतिक्रमण हटाउन सुरु भएको आज चौथो दिनसम्मा खोलाघरभित्रका १०५ संरचना हटाइएको छ।

पोखरा महानगरपालिकाले यही जेठ १० गतेदेखि फिर्केका तीन स्थानबाट डोजर चलाएर अतिक्रमित संरचना हटाउन सुरु गरेको थियो । महानगरका प्रशासन महाशाखा प्रमुख कृष्णप्रसाद तिवारीले चौथो दिनसम्म साना ठूला गरी व्यक्तिगत तथा संस्थागत गरी १०५ संरचना भत्काइएको जानकारी दिनुभयो । उहाँका अनुसार बुधबारमात्र साना ठूला गरी २३ वटा संरचना हटाइएको छ।

पोखरा महानगरपालिका वडा नं १८ र २ को सिमाना क्षेत्रमा आठ वटा संरचना हटाइएको छ भने वडा नं ४ र ५ को क्षेत्रमा एक वटा पक्की र तीन वटा कच्ची संरचना भत्काइएको छ । वडा नं ७ र ८ मा पाँच वटा कम्पाउन्ड वाल र छ वटा स्थायी संरचनामा डोजर चलेको छ। खोला घर खाली गर्ने कार्यमा तीन वटा जेसिवी र दुई वटा स्काभेटर प्रयोग भइरहेका छन्।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, महानगरीय प्रहरी बल र प्राविधिक कर्मचारीसमेत खटिएको महानगरले जनाएको छ । महानगरले विसं २०८० मा गरेको फिर्के नापजाँच प्रतिवेदनअनुसार फिर्के खोलाघरमाथि स्थायीदेखि अस्थायी प्रकृतिका १६० संरचना निर्माण गरिएका छन् । फिर्केखोलानै मिचेर ९७ वटा अस्थायी संरचना र ३५ वटा स्थायी संरचना निर्माण गरेको पाइएको नाप जाँच प्रतिवेदनमा उल्लेख छ। यसैगरी खोलामाथि १० अस्थायी र १८ वटा स्थायी प्रकृतिका संस्थागत संरचनाहरू निर्माण गरिएका छन्।

फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकिन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा गरी ५८८ सीमास्तम्भ गाडिएका थिए । फिर्केखोलाको खोला घर खाली गरिसकेपछि त्यसलाई एक आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गने महानगरको योजना छ । साइकल ट्र्याक, फुटपाथ, हरियाली प्रवर्द्धन र लाइटिङसहितको सुरक्षित पर्यटनका रूपमा फिर्केको विकास गर्ने योजना छ।

## गण्डकी प्रदेशसभा: विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

गण्डकी प्रदेशसभाको आजको बैठकमा प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले मङ्लबार प्रदेशसभामा प्रस्तुत गरेको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामाथि छलफल भएको छ।

सो छलफलमा भाग लिँदै प्रदेशसभा सदस्यहरूले प्रदेशलाई थप सबल र आत्मनिर्भर बनाउने गरी नीति, कार्यक्रम तथा बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो।

प्रदेशसभा सदस्य जीतप्रकाश आलेले आत्मनिर्भर प्रदेशका लागि उत्पादकत्व र रोजगारी वृद्धिको लक्ष्यलाई बजेटका सिद्धान्त र प्राथमिकतामा समेटिनु सकारात्मक पक्ष रहेको बताउनुभयो । प्रदेश संरचनाको औचित्यबारे बेलाबेलामा प्रश्न उठ्ने गरेको भन्दै उहाँले त्यसलाई चिर्ने गरी प्रदेशसभा र प्रदेश सरकारले काम सम्पादन गर्नुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य लिलबहादुर थापाले राजनीतिक सङ्घीयता मात्र नभई प्रशासनिक र वित्तीय सङ्घीयतालाई पनि सुदृढ गर्नुपर्ने बताउनुभयो। सङ्घीयताको सबलीकरणमा तीनै तहको समन्वय र सहकार्यमा उहाँले जोड दिनुभयो । प्रदेशसभा सदस्य सुशीला सिम्खडाले समाजमा गरिबी, बेरोजगारी र असमानता कायमै रहेको भन्दै त्यसलाई न्यूनीकरण गर्ने गरी बजेट तथा कार्यक्रम ल्याउनुपने बताउनुभयो । प्रदेशसभा सदस्य पञ्चराम गुरुङले युवालाई नैतिक शिक्षा र उत्पादनसँग जोड्ने गरी बजेट निर्माण गर्नुपर्ने बताउनुभयो। कृषि उत्पादनसँगै बजारीकरणको सुनिश्चितता गर्नुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापा, रेशमबहादुर जुग्जाली, गणेशमान गुरुङलगायतले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिनुभएको थियो।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै आर्थिक मामिलामन्त्री शेरचनले प्रदेशसभा सदस्यहरूबाट उठेका सुझावलाई बजेट तथा कार्यक्रममा यथासम्भव समेट्ने प्रतिबद्धता जनाउनुभयो । नीति, कार्यक्रम र बजेटमा सरकारका प्राथमिकताका विषय थप स्पष्ट रूपमा आउने उहाँले बताउनुभयो।

प्रदेश सरकारले उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गरी 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी'को लक्ष्य हासिल गर्ने गरी विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको छ । गरिबी निवारणमा टेवा पुऱ्याउने, नवप्रर्वतन, प्रविधिमैत्री र 'स्टार्टअप' आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिइने जनाइएको छ।

प्रदेशमा लगानी आकर्षित एवं प्रवर्द्धन गर्न सरोकारवालाको सहभागितामा लगानी नीति तर्जुमा गरी सार्वजनिक निजी साझेदारीका सम्भाव्य क्षेत्रको पहिचान, लगानी ढाँचाको निर्धारण र स्वीकृत परियोजनालाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लगिने भएको छ।

आन्तरिक स्रोत र प्राप्त हुने सङ्घीय राजस्व तथा अनुदानको यथार्थपरक अनुमान गरी सन्तुलित बजेट निर्माणमा जोड दिइएको छ । प्रदेश आयोजना बैङ्कको सुदृढीकरण गरी आयोजना बैङ्कमा समावेश गरिएका आयोजनालाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा बसपार्कको जग्गा छानबिन गर्न समिति गठन


**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

पोखरा महानगरपालिका-९ स्थित पोखरा बसपार्क निर्माणका लागि विसं २०३० मा अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिन गर्न तीन सदस्यीय समिति गठन गरिएको छ।

पोखरा उपत्यका नगर विकास समितिले पूर्वन्यायाधीश शङ्करराज बरालको अध्यक्षतामा समिति गठन गरेको हो । समितिमा पूर्वजिल्ला न्यायाधिवक्ता गोविन्द गिरी र

बाँकी अन्तिम पृष्ठमा ▶▶



# पोखरामा सुकुम्बासी परिवारको स्थानान्तरणका लागि जग्गा खोज्न समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

पोखरा बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन दलित तथा सुकुम्बासी परिवारको स्थानान्तरणका लागि जग्गा खोजी गर्न समिति गठन गरिएको छ।

पोखरा महानगरपालिकाले सुकुम्बासी र भूमिहीन परिवारको व्यवस्थापनका लागि जग्गा पहिचान तथा सिफारिस गर्न वडा नं. १७ का वडाध्यक्ष राधिका शाही योगीको संयोजकत्वमा सात सदस्यीय जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरेको हो। समितिको सदस्यमा वडा नं. ९ का अध्यक्ष दीपेन्द्र मर्सानी, वडा नं. १९ का अध्यक्ष तोरण बानियाँ, वडा नं. १४ का अध्यक्ष बोधराज कार्की, वडा नं. २५ का कार्यवाहक अध्यक्ष धना पोखेल, महानगरको नापी शाखाका प्रमुख सीता कार्की र प्रशासन महाशाखाका प्रशासकीय अधिकृत टीकाराम बजगाईं र हनुभएको छ। दश कार्यदिनभित्र जग्गाको अध्ययन तथा स्थलगत खोज गरी महानगरमा प्रतिवेदन पेस गर्ने गरी समितिलाई जिम्मेवारी तोकिएको महानगर प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो। महानगरले मङ्गलबार नै पोखरा बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका तथा पछिल्लोपटक अध्यावधिक विवरण/लगत बुझाएका पाँच सय ७२ सुकुम्बासी तथा भूमिहीन परिवारको लगत छानबिन तथा सत्यतथ्य पहिचानका लागि अर्को समिति गठन गरेको छ।

महानगरपालिकाका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित सात सदस्यीय उक्त समितिमा गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयका अधिकृत, जिल्ला प्रशासन कार्यालय, कास्कीका अधिकृत, भूमि प्रशासन कार्यालय, कास्कीका अधिकृत, नापी कार्यालय, कास्कीका अधिकृत, जिल्ला प्रहरी कार्यालय, कास्कीका अधिकृत प्रतिनिधि र वडा नं. ९ का वडा सचिव समितिको सदस्यसचिव र हनुभएको छ।

उक्त समितिले १० कार्यदिनभित्र 'सुकुम्बासी समस्या सहजीकरण समिति'सँग आवश्यक समन्वय र सहकार्य गरी तथ्यगत अध्ययनका आधारमा महानगरपालिकालाई प्रतिवेदन पेस गर्नेछ।

महानगरले बसपार्क क्षेत्रको अतिक्रमित जग्गा खाली गराई आधुनिक सुविधासम्पन्न बसपार्क बनाउने योजना अघि सारेको छ। विसं २०३२ मा बसपार्क निर्माणका लागि जग्गा अधिग्रहण गरिएपनि अहिलेसम्म व्यवस्थित बसपार्क बन्न सकेको छैन।

# पोखरामा पाँचौं अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल सुरु

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

खेलकुदको शहरका रूपमा परिचित पोखरामा विद्यालयस्तरीय फुटबल खेलको विकास र ग्रासरुट तहबाट खेलाडी उत्पादन गर्ने उद्देश्यसहित पाँचौं संस्करणको अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिता २०८२ मंगलबारदेखि सुरु भएको छ।

पोखराको ड्यामसाइड क्लबको आयोजनामा तथा पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा सुरु प्रतियोगिताको पहिलो दिन चार खेल सम्पन्न भएका छन्।

प्रतियोगिताको पहिलो दिन शिशु निकेतन बोर्डिङ स्कुल, शान्तिनिकुञ्ज बोर्डिङ स्कुल, बालोदय बोर्डिङ स्कुल र एलपी देवकोटा मेमोरियल विजयी भएका छन्। खेल संयोजक विकास रानाभाटका अनुसार बुधबार औपचारिक उद्धाटन सहित थप चार खेल सञ्चालन हुनेछन्। शिशु निकेतन बोर्डिङ स्कुलले पार्दी मावि‌लाई २-१ को गोल अन्तरले पराजित गर्‍यो। शिशु निकेतनका युनिक गुरुङ म्यान अफ द म्याच घोषित हुनु भयो। त्यसै गरी अर्को खेलमा न्यू मिलेनियम माथि शान्तिनिकुञ्ज बोर्डिङ स्कुलले ०-३ को शान्दार जित हात पार्‍यो। खेलमा शान्तिनिकुञ्जका टाइसन थापा मगर म्यान अफ द म्याच घोषित हुनु भयो। जित हासिल गरेका टिम क्वाटरफाइनलमा प्रबेश गरेको म्याच कमिस्नर गोपाल थापाले बताउनु भयो। त्यसै गरी बालोदय बोर्डिङ स्कुलले गुप्तेश्वरलाई शुन्यका बिरुद्ध एकतर्फी ५ गोल बर्षायो। बालोदयका निशान भुजेल म्यान अफ द म्याच घोषित हुनुभयो। एलपी देवकोटा मेमोरियलले टाईब्रेकरमा जित हासिल गर्‍यो। निर्धारित समयमा देवकोटा र विद्यानिकेतन बिचको खेलमा २-२ को बराबरीमा पुगेसंगै खेल टाईब्रेकरमा पुगेको हो। पेनाल्टी सुटआउटमा एलपी देवकोटा ५-४ ले विजयी भएको हो। एलपीका अग्रिम रेग्मी म्यान अफ द म्याच घोषित हुनु भयो।

ड्यामसाइड क्लबका अध्यक्ष रमेश प्रसाद बरालले विद्यालयस्तरबाटै प्रतिभावान खेलाडी उत्पादन गर्दै पोखराको फुटबल संस्कृतिलाई थप मजबुत बनाउन प्रतियोगितालाई निरन्तरता दिइएको बताउनुभयो। प्रतियोगितामा वडा नम्बर १७ भित्रका १९ सामुदायिक तथा निजी विद्यालयको सहभागिता रहेको छ। छ दिनसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले नगद ३० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। उपविजेताले २० हजार रुपैयाँ, तेस्रो हुने टोलीले १० हजार रुपैयाँ तथा सान्त्वना स्थान हासिल गर्ने टोलीले ५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ।

प्रतियोगिताभर प्रत्येक खेलका उत्कृष्ट खेलाडीलाई 'म्यान अफ द म्याच' ट्रफी प्रदान गरिनेछ। साथै सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, गोलरक्षक तथा उत्कृष्ट प्रशिक्षकलाई विशेष पुरस्कार प्रदान गरिने प्रतियोगिता संयोजक रानाभाटले जानकारी दिनुभयो। गत वर्ष सम्पन्न चौथो संस्करणको उपाधि हिमालयन बोर्डिङ स्कुलले जितेको थियो। क्लवका महासचिव राकेश श्रेष्ठका अनुसार प्रतियोगिता सञ्चालनका लागि करिब ६ लाख ५ हजार २ सय रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

# पोखरा बहुमुखी क्याम्पसले राष्ट्रिय सम्मेलन गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

पोखरा बहुमुखी क्याम्पसले व्यवस्थापन तथा सामाजिक विज्ञानका समसामयिक विषयमा केन्द्रित राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ।

क्याम्पसले बुधवार पत्रकार सम्मेलन गर्दै यही जेठ १५ र १६ गते व्यवस्थापन तथा सामाजिक विज्ञानमा उदाउँदा प्रबृत्तीहरु सम्बन्धी राष्ट्रिय अनुसन्धान सम्मेलन गर्न लागिएको जानकारी दिएको हो। विश्वविद्यालय अनुदान आयोग नेपालको सहयोगमा आयोजना हुन लागेको यस सम्मेलनमा पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, थाइल्याण्डको सिनावात्रा विश्वविद्यालय र मुक्त फाउण्डेसन नेपालको सहकार्य रहेको छ। क्याम्पसका अनुसार उक्त सम्मेलनमा ३ वटा राष्ट्रका ७ विश्वविद्यालय र २१ वटा क्याम्पसका ७८ जना अनुसन्धानकर्ताहरूले ५४ वटा अनुसन्धान पत्रहरू प्रस्तुत गनेछन्। व्यवस्थापन तथा सामाजिक विज्ञानका समसामयिक विषयमा शैक्षिक बहस, अनुसन्धान आदान-प्रदान, नीति संवाद तथा विश्वविद्यालय र समुदाय तथा उद्योगीबीचको सहकार्य अभिवृद्धि गर्नु सम्मेलनको मुख्य उद्देश्य रहेको सम्मेलनका संयोजक एवं सहप्राध्यापक भीमप्रसाद न्यौपानेले बताए। सम्मेलनमा हरित व्यवस्थापन, डिजिटल बैंकिङ, दिगो वित्त, मानव संसाधन व्यवस्थापन, स्थानीय शासन, सामाजिक तथा सांस्कृतिक रूपान्तरण, सार्वजनिक नीति र वातावरणीय न्याय लगायतका विषयमा गहन छलफल हुनेछ।

सम्मेलनमा गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. इन्द्रप्रसाद तिवारी, त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका रजिस्ट्रार प्रा. डा. महानन्द चालिसे र थाइल्याण्डस्थित सिनावत्रा विश्वविद्यालयका सहप्राध्यापक डा. धानकोर्न थानाथानचुचोटको विशेष सम्बोधन गर्नेछन्। यसै गरी, प्यानल छलफल सत्रमा प्रा. डा. लेखनाथ भट्टराई, पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विश्वशंकर पालिखे र ग्रीन डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत हरि बुढाथोकीले उच्च शिक्षा, आर्थिक विकास, बैंकिङ र उद्योग तथा सामाजिक रूपान्तरणका विषयमा अन्तरक्रिया गर्नेछन्। वि.सं. २०४४ सालमा स्थापना भएको पोखरा बहुमुखी क्याम्पसले केवल शिक्षण कार्यमा मात्र सीमित नरही अनुसन्धान र ज्ञान उत्पादनमा समेत आफ्नो भूमिका विस्तार गदै लगेको छ। संस्थागत विकासका विभिन्न चरण पार गर्दै वि.सं. २०७९ मा पोखरा -९ शान्तिवन स्थित आफ्नै भवनमा सरेको क्याम्पसले वि.सं. २०८२ मा विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) प्रमाणपत्र समेत प्राप्त गरिसकेको छ।

सम्मेलनले अनुसन्धान संस्कृतिको विकास, नीति निर्माणमा शैक्षिक क्षेत्रको योगदान र सामुदायिक क्याम्पसको पहिचान सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको सम्मेलनका संयोजक सह-प्रा. भीमप्रसाद न्यौपाने र क्याम्पस प्रमुख सह-प्रा. शिशुकला पराजुलीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। सम्मेलनले अनुसन्धान संस्कृतिको विकास, नीति निर्माणमा शैक्षिक योगदान तथा विश्वविद्यालय-समुदाय-उद्योगबीच सहकार्य अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको क्याम्पस प्रमुख शिशुकला पराजुलीले बताइन।क्याम्पस संचालक समितिका अध्यक्ष शंकर गुरुङको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा सल्लाहकारहरु प्रा.डा. दिल बहादुर क्षेत्री , शंकर देवकोटा ,नरेन्द्र लालचनले क्याम्पस संचालनका लागि गरिएको प्रयास र सहयोगका बारेमा चर्चा गरेका थिए।


## ऋणी सदस्य एवं जमानतकर्तालाई अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८३/०२/१४ गते**

यस संस्थाको विभिन्न कार्यालयबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर तोकिएको वा सम्झौता बमोजिमको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नुहुने सम्पूर्ण ऋणी सदस्य तथा सम्बन्धित ऋण सिफारिस/धनजमानतकर्ता एवं परिवारलाई यस संस्थाले पटकपटक विभिन्न माध्यमबाट ऋणको साँवा व्याज, हर्जाना यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन अनुरोध सहित फोन, एस एम एस एवं ताकेता पत्र प्रेसित गर्दा समेत ऋणी सदस्यले कारोबार नियमित नगरेको र ऋणी सदस्यहरु संस्थाको सम्पर्कमा नै नआउनु भएकोले त्यस्ता सम्पूर्ण ऋणी सदस्य, जमानतकर्ताहरुलाई यही **२०८३ जेठ १९ गते मंगलबार** भित्र संस्थामा सम्पर्क गरी ऋणको साँवा, व्याज, हर्जना चुक्ता भुक्तानी गर्न गराउन फोन, एस एम एस एवं अन्तिम ताकेता पत्र स्वरुप यो सूचना पुनः प्रेसित गरिएको व्यहोरा अनुरोध छ।

संस्थाको उक्त अनुरोधको बाबजुद पनि ऋणी सदस्य तथा जमानतकर्ता/सिफारिसकर्ता एवं परिवारजनले ऋण नियमित गर्ने गराउने तर्फ कुनै चासो नदेखाएमा ऋणी सदस्य, परिवारजन एवं धनजमानतकर्ताको नाउँमा संस्थामा रहेको शेयर एवं बचतबाट ऋण मिलान गर्ने र सो पश्चात पनि ऋण असुली हुन नसकेमा त्यस्ता ऋणी तथा ऋण जमानतकर्ता/सिफारिसकर्ता एवं परिवारबाट ऋण असुल उपर गर्न गराउन संस्थाले थप कानुनी प्रक्रिया अगाडि बढाउन लागेको व्यहोरा यसै पत्रसाथ जानकारी गराइन्छ। अतः कानुनी कारबाहीको प्रक्रियाबाट ऋण असुल उपर गर्ने क्रममा संस्थाले ऋण तथा सम्बन्धित जमानतकर्ता/सिफारिसकर्ताको फोटो सहितको तीन पुस्ते विवरण सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यममा चरणवद्ध रुपमा प्रकाशन गर्ने गराउने र यसरी प्रकाशित विवरण जानकारीको लागि सम्पूर्ण बैंक वित्तिय संस्था, स्थानिय निकाय एवं अन्य प्रशासनिक निकायलाई समेत पठाईने व्यहोरा अग्रिम रुपमा जानकारी गराईन्छ। यसरी फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक रुपमा प्रकाशित गर्दा र त्यस्तो विवरण बैंक वित्तिय संस्था एवं अन्य प्रशासनिक निकायमा पठाएको कारणले कुनै सदस्य, सिफारिस कर्ता/जमानतकर्ताको सामाजिक, नैतिक मान प्रतिष्ठा र विश्वसनियतामा आँच पुग्न गएमा सम्बन्धित व्यक्ती नै जिम्मेवार रहने व्यहोरा पनि यसै सूचना मार्फत अग्रिम रुपमा जानकारी गराउँदै हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन हुन अनुरोध छ।

**पुनश्चः-**

- संस्थाका सम्पूर्ण शेयर सदस्यहरुले नियामक निकायको निर्देशन अनुसार सदस्य पहिचान फाराम KYM (Know Your Member) मा विवरण अद्यावधिक गर्न अनिवार्य भएकाले बाँकी रहेका सदस्यले मिति २०८३ असार मसान्तभित्र नागरिकता, राष्ट्रिय परिचय पत्र एवं हालसालै खिचेको फोटो १ प्रति सहित संस्थामा उपस्थित भई अनिवार्य अद्यावधिक गर्न सूचित गरिन्छ।
- मासिक बचत जम्मा गर्न बाँकी सदस्यहरुले मासिक बचत नियमित गर्नु हुन अनुरोध छ।
- अन्य बचत नियमित गर्दै शेयर रकम थप गर्न चाहने सदस्यहरुले संस्थामा सम्पर्क गरि सेयर रकम थप गर्न सक्नुहुनेछ।
- सूचना प्रकाशित मितिदेखि २०८३ जेठ मसान्तसम्म तिर्न बुझाउन पर्ने किस्ता नगदै भुक्तानी गर्ने ऋणी सदस्यहरुलाई लागेको ब्याज एवम् हर्जनामा २०% सम्म छुट गर्न सकिनेछ।

"सहकारीमार्फत् आत्मनिर्भरता"
जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.
मुख्य कार्यालय : पोखरा-१६, लामाचौर फोन : ०६१-४४५२६६


## पोखरा...

पोखरा उपत्यका नगर विकास समितिका प्रशासनिक अधिकृत प्रकाश सुवेदी सदस्यसचिव र हनुभएको छ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको १९६ रोपनी जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको १८७ रोपनी जग्गासम्बन्धी सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरू उठ्दै आएका छन्।

विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएको लगायत आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि समिति गठन गरिएको नगर विकास समितिका अध्यक्ष तथा पोखरा महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो।

उहाँका अनुसार समितिलाई विगत ५१ वर्षको अवधिमा विभिन्न चरणमा भएका निर्णय, सट्टापट्टा तथा वितरण प्रक्रियासम्बन्धी कागजातको अध्ययन, विश्लेषण र परीक्षण गरी न्यायिक दृष्टिकोणबाट प्रतिवेदन तयार गर्न जिम्मेवारी दिइएको छ। समितिलाई प्रतिवेदन पेस गर्न १५ कार्यदिनको समय तोकिएको छ।

"समितिले निष्पक्ष र तथ्यमा आधारित प्रतिवेदनमार्फत बसपार्क जग्गासम्बन्धी देखिएका, सुनिएका तथा उठाइएका सबै विषयको यथार्थ उजागर गर्नेछ। आधा शताब्दीदेखि चर्चामा रहेको बसपार्क परियोजनालाई अब सफल विकासको उदाहरणका रूपमा स्थापित गर्नका लागि सबैको साथ र सहयोग आवश्यक छ," महानगरप्रमुख आचार्यले भन्नुभयो।

यसैगरी, महानगरले बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका सुकुमवासी तथा भूमिहीन परिवारको वास्तविक अवस्था पहिचान गर्न तथा जग्गा व्यवस्थापनका लागि दुई छुट्टाछुट्टै समिति गठन गरेको छ। महानगरपालिकाका अनुसार पोखरा बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका तथा यही जेठ ८ गतेसम्म आफ्नो विवरण तथा लगत अद्यावधिक गराएका ५७२ सुकुमवासी तथा भूमिहीन परिवारको तथ्यगत अध्ययन, छानबिन र सत्यतथ्य पहिचान तथा वास्तविकसा सुकुमवासीको व्यवस्थापनका लागि समिति गठन गरिएको हो।

# जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट पेस हुने

पोखरापत्र संवाददाता
पोखरा, १३, जेठ

आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्न सङ्घीय संसद्को संयुक्त बैठक यही जेठ १५ गते शुक्रबार अपराह्न ४:०० बजे बस्ने भएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सभामुख डोलप्रसाद अर्यालले ४:०० बजे बस्ने संयुक्त बैठकका लागि ३:४५ बजे नै प्रतितिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूलाई उपस्थित भइसक्न सूचित गर्नुभएको हो।

नेपालको संविधान २०७२ जारी भएपछि संविधानमै व्यवस्था गरेर प्रत्येक वर्ष जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने मिति तोकिएको छ। गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते बजेट प्रस्तुत गर्ने व्यवस्था गरिएको हो।

यसैगरी प्रतिनिधिसभाको बैठक भने जेठ १५ गते शुक्रबार बेलुकी ०५:३० बजे बस्ने जानकारी पनि सभामुख अर्यालले दिनुभयो।

## गण्डकी ...

बजेट विनियोजनमा प्राथमिकता दिइने जनाइएको छ।

नवीनतम प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी तथा नागरिकमैत्री बनाउँदै सेवाको लागत र समयलाई कम गरी प्रभावकारी सेवा उपलब्ध गराउन एकीकृत र नमूना 'स्याटेलाइट' कार्यालयको स्थापना गर्ने लक्ष्य राखिएको छ। कृषि क्षेत्रको व्यावसायिकीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी उत्पादन एवम् उत्पादकत्व वृद्धिमा जोड दिइएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफूले कमाउनु भन्दा कम खर्च गर्ने गर।

- पल क्लियरोई

## सम्पादकीय

# मनसुनको जोखिमबाट जोगिन सावधानी अपनाऔं

नेपाल प्रवेश गर्न लागेको मनसुनका समयमा हुने विपद्जन्य घटनाको खोज तथा उद्धारका लागि मात्रै सरकारले १३४ गोताखोरसहित २६ हजार २१९ जना सुरक्षाकर्मी तयारी अवस्थामा राखेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उनीहरू तीनवटै सुरक्षा निकायबाट तयार भएका जनशक्ति देशभर आवश्यकतामा आधारमा परिचालित हुनेछन्।

पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण उत्पन्न बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, सुक्खालगायतका समस्याबाट नेपाली जनजीवन प्रभावित भएको छ। बर्सेनि जनधनको व्यापक क्षति हुन थालेसँगै स्थानीय, प्रदेश र सङ्घीय सरकारले समन्वय गर्दै जोखिम घटाउने प्रयास गर्दै छन्। अबको प्राथमिकता तत्कालीन उद्धार र राहतमै केन्द्रित हुनु पर्छ। राहत वितरणलाई एकद्वार प्रणालीमार्फत पारदर्शी र निष्पक्ष बनाई पीडित परिवारले तत्काल पाउने संयन्त्र बनाउनु पर्छ। जलवायु परिवर्तनबाट उत्पन्न समस्या न्यूनीकरण गर्न अब नेपालले विकासको मोडेल नै परिमार्जन गर्नुपर्ने अवस्था छ।

हाम्रा भौतिक संरचनाको निर्माण प्रकृति र वातावरणमैत्री बन्न नसक्दा बर्सेनि विपत्जन्य घटनामा ठुलो जनधनको क्षति हुन थालेको छ। अब चुरे र पहाडी क्षेत्रमा जथाभाबी गरिने उत्खनन र अनियन्त्रित जग्गा प्लटिङ रोक्नु पर्छ। वातावरणमैत्री र इन्जिनियरिङ मापदण्ड पूरा गरेर मात्र विकासनिर्माणका कार्य अगाडि बढाउनु पर्छ। बाढीपहिरोको उच्च जोखिममा रहेका बस्ती पहिचान गरी स्थायी रूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न ढिलो गर्नु हुन्न। पहिलेका वर्षहरूमा मनसुनको पानी महिनाभरि बाँडिएर पर्ने गर्थ्यो। अहिले जलवायु परिवर्तनका कारण थोरै समयमा एकै ठाउँमा अत्यधिक धेरै पानी पर्ने गरेको छ। हिउँदमा लामो समयसम्म पानी नपर्ने र गर्मी महिनामा अत्यधिक गर्मी हुन थालेको छ। विश्वको औसत तापक्रमभन्दा हाम्रो हिमालय क्षेत्रको तापक्रम तीव्र गतिमा बढिरहेको छ। यसले गर्दा हिमालको हिउँ र हिमनदी छिटो पग्लिरहेका छन्।

हिमतालहरू बन्ने र फुट्ने क्रम बढेको छ। यसले गर्दा नदीमा पानीको बहाव अचानक बढ्न गई तटीय क्षेत्रमा बाढी र कटानको समस्या देखिएको छ। मनसुन भित्रिने र बाहिरिने समयतालिका परिवर्तन भएको छ। कहिले मनसुन ढिलो सुरु हुन्छ त कहिले मनसुन सकिनुपर्ने समयमा अनपेक्षित रूपमा भीषण वर्षा भइदिन्छ। यसले पाकेको बालीनाली नष्ट गर्नुका साथै ठुलो जनधनको क्षति पुऱ्याउने गरेको छ। यस्ताखाले विपत्बाट जोगिन सबै सचेत भई सावधानी अपनाउन जरुरी छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मानसिक तनाव | तुला | आर्थिक समस्या |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | शत्रुको भय |
| मिथुन | व्यापारमा लाभ | धनु | कार्यमा सफलता |
| कर्कट | झमेला बढ्ने | मकर | सत्कार मिल्नेछ |
| सिंह | शुभ यात्रा | कुम्भ | अप्रत्यसित लाभ |
| कन्या | स्वास्थ्यमा सुधार | मीन | शारीरिक झमेला |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# क्यान्सर अस्पतालमा औषधि अभाव

रासस

चितवन, १३ जेठ

क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ। विश्वव्यापी रूपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन्।

अस्पतालको मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा गुरुशरण साहका अनुसार हाल विश्वव्यापी रूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्वपूर्ण औषधिहरूको अभाव देखिएको छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्ने मात्र नभई, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ।"

हाल विशेषतः कार्बोप्लाटिन (Carboplatin) र सिसप्लाटिन (Cisplatin) भन्ने औषधिको एकदमै अभाव देखिएको डा साहले बताउनुभयो। यो अभाव नेपालमा मात्र नभई विश्वव्यापी रूपमै रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यसको मुख्य कारण यी औषधिहरू बनाउन आवश्यक पर्ने एपिआई अर्थात् मुख्य तत्वहरूको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो। निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ।" यी औषधिहरू क्यान्सरको केमोथेरापी योजना (प्लान) गर्दा एउटा मुख्य आधारका रूपमा प्रयोग हुने भन्दै डा. साहले भन्नुभयो, "यी औषधि बिना केमोथेरापीको रेजिम' पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारिता गम्भीर नकारात्मक असर परिरहेको छ।" यसले गर्दा बिरामीहरू गुणस्तरीय उपचारबाट वञ्चित हुनु परेको भन्दै उहाँले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिनुभयो। कतिपय बिरामीहरूले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरूबाट औषधि ल्याइरहेको भन्दै उहाँले तर यस्ता औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताउनुभयो। डा साहले भन्नुभयो, "सबैभन्दा ठूलो जोखिम तापक्रमको छ; क्यान्सरका धेरैजसो औषधि २५ डिग्री सेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ। तर, चितवन जस्तो गर्मी ठाउँमा ३६-३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पुऱ्याउन सक्छ।" अस्पतालमा डे-केयर र वार्ड गरी दैनिक झण्डै २०० जना बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उहाँले कार्बोप्लाटिन र सिसप्लाटिन जस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ।" उहाँलेधेरैजसोऔषधिहरूअस्पतालमा बीमामार्फत उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलहरूले अभाव भएका औषधिहरू (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उहाँको भनाइ छ। डा साहले भन्नुभयो, "यो बिरामीको अधिकारको हनन हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ।" औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उहाँको माग छ। अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाई छ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन तीन महिना अघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भएको भएपनि त्यसपछि नरहेको जानकारी दिनुभयो। डा. पौडेलले भन्नुभयो, "कार्बोप्लाटिन जेठ २ गतेसम्मलाई पुग्ने हामीसँग स्टकमा थियो, त्यो पनि अहिले सकिएको छ।" आफूहरूले सप्लाई गर्ने कम्पनीले नै कच्चापदार्थका कारण देखाउँदै उत्पादन बन्द भएको पत्र आफूहरूलाई पठाएको उहाँको भनाइ छ। हाल अर्को बङ्गलादेशी कम्पनीबाट केही सप्लायर्सले नेपालका लागि दुई/तीन महिनाका लागि पुग्ने औषधि आयात भएको भन्दै अब अस्पतालमा आउने अपेक्षा उहाँले गर्नुभयो ।अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उमेश नेपालले कार्बोप्लाटिन र सिसप्लाटिन आफूहरूकहाँ नरहेको बताउनुभयो। उहाँले यसबारेमा स्वास्थ्य मन्त्रालय जानकारी गराएको बताउँदै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) लाई पनि पठाई दिन आग्रह गर्दै पत्राचार गरिएको बताउनुभयो। विभागमा बालबालिकाहरूका लागि निःशुल्क प्रयोग गर्ने कार्बोप्लाटिन र सिसप्लाटिन रहेको भन्दै उक्त औषधि अन्य बिरामीलाई पनि प्रयोग गर्न दिन अनुमतिसहित पठाई दिन आग्रह गरिएको उहाँको भनाइ छ। डा नेपालले भन्नुभयो, "बालबालिकाका लागि निःशुल्क प्रयोग गर्ने यी औषधि नियर स्क्स्पायोरि (सेप्टेम्बर/अक्टुबर २०२६ सम्म औषधिको म्याद सकिने) रहेका छन्। ती औषधि अन्य बिरामीलाई समेत प्रयोग गर्न दिन अनुमति मागेका छौँ।" उहाँले छुट्टै परियोजनाअन्तर्गतका उक्त औषधि बालबालिकाबाहेक अन्य बिरामीलाई प्रयोग गर्न अनुमति चाहिने बताउनुभयो। आफूहरूसँग पनि यस्तो औषधि केही मात्रामा रहेको भन्दै स्वास्थ्य सेवा विभागमा पनि केही मात्रामा यी औषधि रहेको आफूलाई जानकारीमा आएको उहाँले बताउनुभयो। यी औषधि चलाउने अनुमतिसहित विभागले पठाएमा अरू बिरामीलाई पनि केही समयलाई उपलब्ध गराउन सकिने डा नेपालको भनाइ छ।

**विमालेख हरायो**

यहि मिति २०८२/१२/२५ गते पामे बाट न्यूरोड जाने क्रममा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नामः गंगा अधिकारी
ठेगाना : पोखरा-२३, कास्की
विमालेख नं. ४१५०००००००१९
सम्पर्क नं.
९८२४१७६६६८, ०६१-५५३६५२

**विमालेख हरायो**

यहि मिति २०८२/१२/२५ गते रामबजारबाट न्यूरोड जाने क्रममा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नामः उत्तम कुमार थापा
ठेगाना : पोखरा-१५, कास्की
विमालेख नं. ४१५००००००५६२
सम्पर्क नं.
९८०१४२६५१९, ०६१-५५३६५२

# सन्दीप लामिछाने र ब्रिज इन्टरनेशनलबीच पाँच वर्षको सम्झौता

पोखरापत्र संवाददाता

पोखरा, १३ जेठ

नेपाली राष्ट्रिय क्रिकेट टिमका लेग स्पीनर सन्दीप लामिछाने र ब्रिज इन्टरनेशनल कन्सल्टेन्सीबीच पाँच वर्षको सम्झौता भएको छ।

मंगलबार साँझ पोखरामा आयोजित एक भव्य कार्यक्रमका बिच शैक्षिक परामर्शदाता कम्पनी ब्रिजले सन्दीपसँग पाँच वर्षको लागि सम्झौता नविकरण गरेको हो। यसअघि २०८१ भदौमा ब्रिज इन्टरनेशनलले सन्दीपसँग दुई वर्षको लागि सम्झौता गरेको थियो। त्यो सम्झौताको केही समय बाँकी नै रहँदा नै ब्रिजले सन्दीपसँग सम्झौता नविकरण गर्दै थप पाँच वर्षको लागि सम्झौता गरेको हो।

ब्रिज इन्टरनेशनलका सिइओ भुवन गिरी र सन्दीप लामिछानेले सम्झौता पत्रमा हस्ताक्षर गरे। ब्रिज इन्टरनेशनलका सिइओ भुवन गिरीले सम्झौता पाँच वर्षको भएको र नेपालको खेलकुद इतिहासमै एकै पटक यति लामो समयमको लागि सम्झौता भएको यो पहिलो पटक भएको बताए। भुवन गिरीले सन्दीपसँग पहिलो पटक सम्झौता गर्दा त्यो गर्वको क्षण रहेको र फेरि सम्झौता गर्न पाउँदा धेरै खुशी लागेको बताए। 'हामीले करिब दुई वर्ष अघि सम्झौता गरेको थियौँ। कति छिटो समय बित्यो पत्तै भएन। फेरी हामीले पाँच वर्षको लागि सम्झौता नविकरण गरेका छौँ।' गिरीले भने, 'हाम्रो सहकार्यलाई अझ धेरै समय निरन्तरता दिनका लागि हामीले केही समयअघि नै सम्झौता नविकरण गरेका छौँ।' गिरीले सन्दीपले अन्तर्राष्ट्रिय क्रिकेटमा



सन्दीपले नेपाललाई चिनाउने काम गरेको र सगरमाथा र गौतम बुद्धपछि नेपाललाई चिनाउने फरक क्षेत्रको व्यक्ति सन्दीप नै रहेको बताए। गिरीले ग्राउण्ड लेभलबाट नै क्रिकेट खेलको विकास गर्नुपर्छ भनेर हामीले राइजिङ एण्ड साइनिङ विथ एस २५ कार्यक्रम समेत घोषणा गर्दै हरेक प्रदेशमा गएर प्रतिभावान खेलाडीहरूको खोजी गर्ने र कम्तीमा ५ खेलाडीलाई स्कलरसिप दिने योजना रहेको बताए। 'शिक्षा र खेलकुदलाई जोड्ने र क्रिकेटको मोह र माया खेलबाट टाढा हुन नपरोस् भनेर हामीले सन्दीप जस्तै अन्य क्रिकेटर उत्पादन गर्नुपर्छ भनेर कम्तीमा ५ जना छनोट गरेर छात्रवृति दिने योजना बनाएका छौँ। त्यो क्रिकेटका लागि ठूलो विषय हो।' यस्तै ब्रिज कन्सल्टेन्सीका चियरम्यान महेश गिरीले सन्दीपसँग सम्झौतामा हस्ताक्षर गर्ने मात्र भन्दा पनि यो एउटा टिम स्प्रिटको रुपमा रहेको बताए। सन्दीप लामिछाने ओडिआई क्रिकेटमा सबैभन्दा छिटो१५० विकेट लिने खेलाडीको विश्व कीर्तिमान बनाएका थिए। उनले ७३ खेलमा उक्त उपलब्धी हासिल गर्दै अस्ट्रेलियाको मिचेल स्टार्कले ७७ खेलमा बनाएको कीर्तिमान तोडेका हुन्। यस्तै सन्दीपको नाममा ओडिआईमा सबैभन्दा छिटो १०० विकेट लिने कीर्तिमान पनि छ।

सन्दीपले दुई वर्षअघि आफू कठिन समयमा हुँदा ब्रिज इन्टरनेसनलले उठाउने काम गरेको भन्दै यो सम्झौता मात्र नभएर परिवार जस्तै भएको बताए। 'म कुनै समय कठिन अवस्थामा हुँदा लडेको बेला उठाउने काम ब्रिजले गऱ्यो। यो सम्झौताले मलाई जुन जिम्मेवारी दिनुभाछ। त्यो अटुट सम्बन्धको रुपमा लिएर जानेछौँ। सन्दीपले ब्रिज इन्टरनेसलन नेपालकै नम्बर वान कन्सल्टेन्सी भएको र आफूलाई विश्वास गरेर फेरि पाँच वर्षको लागि सम्झौता भएकोमा आभार व्यक्त गरे। 'मलाई तपाईंहरुले यो जिम्मेवारी दिनुभाछ। म जब नेपालको प्रतिनिधित्व गर्छु सधैँ नेपाल र नेपालप्रति लोयल हुनेछु।' सम्झौता कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक युवा तथा खेलकुद मन्त्री रेखा गुरुङ, प्रदेश सांसद टिका माया बस्याल, डाइरेक्टर अफ ग्लोबल बिजनेस एन्ड रिलेसन्स एन्ड्रु होपकिन्स, एनआरएनएका प्रवक्ता सोम प्रसाद सापकोटा, नेपाल स्कुल स्पोर्ट्स फेडेरेसनका महासचिव राज कुमार कार्की लगायतले सन्दीपले नेपाली क्रिकेटमा गरेको योगदान र उनले विश्वमा नेपाललाई चिनाउने काम गरेको भन्दै योगदानको चर्चा गरेका थिए।

# 'रेडपाण्डा' को स्वास्थ्य अवस्था अध्ययन गर्न दिसा परीक्षण

पोखरापत्र संवाददाता

म्याग्दी, १३ जेठ

म्याग्दीको धवलागिरी गाउँपालिकामा पर्ने जलजला र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा पाइने सङ्कटापन्न जनावर रेडपाण्डा (हाब्रे)को दिसा परीक्षण गरी स्वास्थ्य अवस्थाको अध्ययन थालिएको छ।

दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धवलागिरी गाउँपालिका-२ र ३ मा पर्ने जलजला, मुना, मरेनी र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा अध्ययन थालेको हो।

वायोकस नेपालका कार्यक्रम अधिकृत पवन राईले हाब्रेको स्वास्थ्य अवस्थाबारेमा जानकारी लिने र संरक्षणमा सहयोग गर्ने उद्देश्यले हाब्रेको दिसाको परीक्षण गरी अध्ययन गर्न प्राविधिक टोली परिचालन भएको जानकारी दिनुभयो। "यस क्षेत्रमा हाब्रेको पेट र आन्द्रामा हुने परजीवी (किरा/जुका)को अवस्थाका विषयमा अध्ययन भइरहेको छ," उहाँले भन्नुभयो, "दिसा भेटिएका ठाउँहरुमा जडान भएको १२ वटा स्वचालित क्यामेरामा कैद हुने दृष्यको आधारमा रेडपाण्डाको अनुमानित सङ्ख्या पहिचान गर्नका लागि पनि अध्ययन भइरहेको छ।" समुन्द्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ। यसअघि जलजलामा तीन वटा क्यामेरा जडान गरिएकोमा दुई वटामा रेडपाण्डा 'रेकर्ड' भएको कार्यक्रम अधिकृत राईले बताउनुभयो। सो क्षेत्रमा छ वटादेखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको उहाँले बताउनुभयो। स्थानीयबासीले विसं २०८० को असोजमा ढोरपाटन शिकार आरक्षको गुर्जाघाट, २०८१ को मङ्सिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए।

विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मेरनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए। रातका समयमा रुखको टोड्कामा बास लिने र दिउँसोमा रुखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्छ। रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिङ्गो र टोट्का परेका रुख गुर्जा, लुलाङ र मुनाको जंगलमा पर्याप्त छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो।

रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र रु एक लाखदेखि रु पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ। पछिल्लो अध्ययनअनुसार हाब्रेको सङ्ख्या नेपालमा पाँच सयदेखि एक हजार वटा रहेको अनुमान गरिएको छ। विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको बासस्थान छ। नेपालमा एलुरेन्स फ्युजन्स जातको हाब्रे रहेको छ।

# रघुगङ्गामा टोकन प्रणाली

पोखरापत्र संवाददाता

म्याग्दी, १३ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ पिप्लेको वडा कार्यालयमा सेवाग्राहीका सुविधाका लागि टोकन प्रणाली लागू गरिएको छ। ठूलो सङ्ख्यामा सेवाग्राहीको भिड लाग्न थालेपछि सेवा प्रवाहलाई चुस्तदुरुस्त राख्न कुपन, मेसिन, साउण्ड सिस्टम, नम्बर सिस्टम उपकरण जडान गरी टोकन लिएर पालैपालो सेवा लिने व्यवस्था मिलाएको वडासचिव शारदाकुमारी शाहीले बताउनुभयो।

टोकन प्रणाली लागू भएसँगै सेवाग्राही खुसी भएका छन्। विशेषगरी जन्म, मृत्यु दर्ता, बसाइँसराइ, नागरिकता सिफारिस, योजना भुक्तानी तथा सामाजिक सुरक्षा भत्तासम्बन्धी कामका लागि दैनिक ठूलो चाप पर्ने गरेको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो।

# कांग्रेस संसदीय दलका नेता प्रधानाङ्गलाई ज्ञापनपत्र बुझाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ/

कास्की जिल्लाको साबिक लेखनाथ नगरपालिकाको पुनःस्थापनाको माग सशक्त रूपमा उठिरहेको छ। शुक्रबार पुनःस्थापना अभियानका संयोजक एवं लेखनाथ नगरपालिकाका पूर्व मेयर शालिग्राम पौडेल, सचिव मुराहरी कोइराला, दिननाथ शर्मा लगायतको टोलीले नेपाली कांग्रेसका संसदीय दलका नेता दिवशमान प्रधानाङ्गलाई एक समारोहबीच ज्ञापनपत्र बुझाएका हुन् ।



स्थानीय तह पुनर्संरचनापछि पोखरा महानगरपालिकामा समाहित गरिएको लेखनाथ क्षेत्रका नागरिक, सामाजिक अगुवा, व्यवसायिक संस्था तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले पुनः लेखनाथ नगरपालिका कायम गर्नुपर्ने माग गर्दै अभियानलाई तीव्र बनाएका छन् । लेखनाथ नगरपालिका पुनःस्थापना पहल समितिले प्रधानाङ्गलाई बुझाएको ज्ञापनपत्रमा हालको स्थानीय सरकारको संरचना जनमुखी र प्रभावकारी हुन नसकेको उल्लेख गरिएको छ। ज्ञापनपत्रमा संघीय शासन प्रणाली लागू भएपछि सर्वसाधारणले सहज रूपमा सेवा प्राप्त गर्न कठिनाइ भोग्नुपरेको, विकास निर्माणका गतिविधिमा अपेक्षित गति आउन नसकेको तथा जनसहभागिता कमजोर बन्दै गएको दाबी गरिएको छ।

समितिले स्थानीय तह पुनर्संरचनापछि आधारभूत तहसम्म सेवा प्रवाहमा जटिलता थपिएको उल्लेख गर्दै नागरिकलाई सुलभ, प्रभावकारी तथा पहुँचयुक्त सेवा प्रदान गर्न साबिक लेखनाथ नगरपालिकाको पुनःस्थापना अपरिहार्य रहेको जनाएको छ। सामाजिक संस्था, आमा समूह, टोल विकास संस्था, नागरिक समाज तथा व्यवसायिक क्षेत्रबाट पुनःस्थापनाको पक्षमा व्यापक जनसमर्थन जुट्दै गएको पनि ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

स्थानीय स्तरमा गर्नुपर्ने अधिकांश प्रक्रिया पूरा भइसकेको उल्लेख गर्दै समितिले अब संघीय सरकारको मुख्य भूमिका रहने जनाएको छ। अभियानलाई थप प्रभावकारी बनाउन संघीय तहमा समेत समन्वय र दबाबमूलक पहललाई अगाडि बढाइने बताइएको छ । यसैबीच, २०८३ साल जेठ १० गते साबिक लेखनाथ वडा नं. ७ स्थित तालचोकमा बसेको सर्वपक्षीय बैठकले पुनःस्थापनाको मागलाई औपचारिक रूपमा अघि बढाउने निर्णय गरेको जनाइएको छ। बैठकमा कास्की जिल्लामा क्रियाशील प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रा.स्व.पा.) कास्कीका सभापति कृष्णराज भुर्तेल, नेपाली कांग्रेसका सभापति किशोरदत्त बराल, नेकपा एमालेका अध्यक्ष बैनबहादुर क्षेत्री तथा नेकपा (समाजवादी) का संयोजक विश्वप्रकाश लामिछाने लगायत सहभागी थिए ।

बैठकले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ अनुसार स्थानीय तहको संख्या तथा सिमाना हेरफेर गर्न सकिने कानुनी व्यवस्था रहेको निष्कर्ष निकाल्दै पुनःस्थापनाको प्रक्रिया अघि बढाउन माग गरेको हो। ज्ञापनपत्रमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ३ को उपदफा ३ अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यपालिकाबाट प्रस्ताव पारित गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था रहेको उल्लेख गरिएको छ । पुनःस्थापना पहल समितिका संयोजक शालिग्राम पौडेलले स्थानीय जनताको भावना, पहिचान र आवश्यकतालाई ध्यानमा राख्दै लेखनाथ नगरपालिकाको पुनःस्थापना आवश्यक भएको बताए। उनले प्रशासनिक सहजता, स्थानीय विकासको सन्तुलन तथा ऐतिहासिक पहिचानको संरक्षणका लागि लेखनाथलाई पुनः छुट्टै नगरपालिका बनाइनुपर्ने धारणा व्यक्त गरे । समितिले पोखरा महानगरपालिकाको कार्यपालिका बैठकबाट आवश्यक प्रस्ताव पारित गरी प्रक्रिया अगाडि बढाउन आग्रह गरेको छ। साथै, अभियानलाई थप प्रभावकारी बनाउन आगामी दिनमा अन्तरक्रिया, जनभेला तथा विभिन्न जनसरोकारका कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ।

ज्ञापनपत्रसँगै हालसम्म सञ्चालन गरिएका जनसरोकारका गतिविधिहरूको विवरणसमेत संलग्न गरिएको समितिले जनाएको छ। स्थानीय स्तरमा पुनःस्थापनाको पक्षमा जनमत बढ्दै गएको दाबी गर्दै समितिले आगामी दिनमा थप सशक्त दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने संकेतसमेत दिएको छ।

# तनहुँमा धानबालीमा मरुवा रोगको समस्या

**पोखरापत्र संवाददाता**
दमौली, १३ जेठ

कृषि विकास कार्यालय तनहुँले जिल्लाका विभिन्न पालिकामा देखिएका धानबालीको स्थलगत प्राविधिक अनुगमन कार्यक्रम सञ्चालन गरेको छ । म्याग्दे, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका विभिन्न कृषि क्षेत्रमा गरिएको अनुगमनमा प्रदेश तथा जिल्लास्तरका कृषिसम्बन्धी निकायका विज्ञ प्राविधिकहरूको सहभागिता रहेको थियो ।

कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पोखरा, प्रदेश कृषि प्रयोगशाला पोखरा, कृषि अनुसन्धान केन्द्र पोखरा तथा कृषि विकास कार्यालयका प्राविधिक कर्मचारीको संयुक्त टोली सहभागी भएको कृषि विकास कार्यालयले जनाएको छ । अनुगमनका क्रममा कृषकहरूले खेतीपातीमा भोगिरहेका समस्या स्थलगत रूपमा अवलोकन गरिएको थियो । खेतबारीमै पुगेर बालीमा देखिएका रोग तथा किराको पहिचान गर्नाका साथै त्यसको नियन्त्रण, व्यवस्थापन र उत्पादन वृद्धिसम्बन्धी प्राविधिक सुझाव प्रदान गरिएको कार्यालयका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । उहाँका अनुसार म्याग्दे गाउँपालिका-२ मा धान बालीमा मरुवा रोग देखिएको पाइएको छ। धानको वृद्धि प्रभावित हुने तथा बोट सुक्दै जाने समस्या देखिएपछि प्राविधिक टोलीले रोग नियन्त्रणका लागि आवश्यक व्यवस्थापन विधिबारे कृषकलाई जानकारी दिएको थियो । म्याग्दे गाउँपालिका-३ मा धान बालीमा खैरो फड्के किराको प्रकोप देखिएको छ। उक्त किराले धानको बोटमा क्षति पुऱ्याई उत्पादनमा असर गर्ने भएकाले समयमै नियन्त्रणका उपाय अपनाउन किसानलाई सुझाव दिइएको परियारले जानकारी दिनुभयो । आँबुखैरेनी गाउँपालिका-१ मा भने विभिन्न लहरे तरकारी बालीमा डाउनी मिल्ड्यू रोग देखिएको अनुगमन टोलीले पहिचान गरेको छ । विशेषगरी लौका, करेला, काँक्रालगायत बालीमा देखिएको उक्त रोगका कारण पात पहेँलो हुने, बोट कमजोर बन्ने तथा उत्पादन घट्ने समस्या देखिएको किसानले बताएका छन् । प्राविधिकहरूले रोग नियन्त्रणका लागि खेत व्यवस्थापन, उचित विषादी प्रयोग तथा सरसफाइमा ध्यान दिन आग्रह गरेका छन् ।

अनुगमनका क्रममा किसानले यस वर्ष पर्याप्त वर्षा तथा मौसम प्रतिकूलताका कारण गत वर्षको तुलनामा उत्पादन घटेको गुनासो गरेका थिए । लगातारको वर्षा, असिना तथा हावाहुरीका कारण धान, तरकारी र मकै बाली प्रभावित भएको किसानको भनाइ थियो । किसानले विषादी प्रयोगसम्बन्धी अन्योल, समयमा पर्याप्त रासायनिक मल उपलब्ध नहुने समस्या तथा वर्णशङ्कर (हाइब्रिड) जातको कानुनी नियमनसम्बन्धी जिज्ञासा प्राविधिक टोलीसमक्ष राखेका थिए । उनीहरूले बजारमा पाइने बीउको गुणस्तर, विषादीको सही प्रयोग विधि र सरकारी नियमन प्रभावकारी हुनुपर्ने आवश्यकता औंल्याएका थिए । सूचना अधिकारी परियारका अनुसार अनुगमन टोलीले किसानसँग प्रत्यक्ष छलफल गर्दै समस्या समाधानका सम्भावित उपायबारे जानकारी गराएको छ । बाली संरक्षण, रोग तथा किराको पहिचान, सन्तुलित विषादी प्रयोग, माटो व्यवस्थापन तथा उत्पादन वृद्धिसम्बन्धी प्राविधिक पृष्ठपोषण दिइएको उहाँले बताउनुभयो । "किसानले खेतबारीमै भोगिरहेका समस्या बुझेर समाधानका उपाय दिनु नै कार्यक्रमको मुख्य उद्देश्य हो," उहाँले भन्नुभयो, "प्राविधिक टोलीले रोग र किराको पहिचानसँगै तत्काल अपनाउनुपर्ने व्यवस्थापनका उपायबारे सुझाव दिएको छ ।" कृषि विकास कार्यालयले आगामी दिनमा पनि जिल्लाका विभिन्न क्षेत्रमा यस्ता संयुक्त प्राविधिक अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

# मुस्ताङका किसानलाई अनुदानमा हाते ट्र्याक्टर

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १३ जेठ

यहाँका पाँच स्थानीय तहका किसानलाई अनुदान सहुलियतमा खेतबारी जोत्ने कृषि यान्त्रिक उपकरण हाते ट्र्याक्टर (मिनी ट्रेलर) हस्तान्तरण गरिएको छ।

राष्ट्रिय कृषि आधुनिकीरकण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङले यहाँका किसानलाई ५० प्रतिशत अनुदान सहुलियतमा हाते ट्र्याक्टरसहित नौ प्रकारका कृषि यान्त्रिक उपकरण हस्तान्तरण गरेको हो। एकाइले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत 'जोन सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकीकरण सहयोग कार्यक्रमअन्तर्गत यहाँका किसानकोमा माग सङ्ख्याका आधारमा कृषि यान्त्रिक उपकरण प्रविधि हस्तान्तरण गरेको हो । कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङका प्रमुख भरत गौतमका अनुसार स्याउ र आलु जोनमा सूचीकृत किसानलाई कृषि यान्त्रिक उपकरण हस्तान्तरण गरिएको हो । पाँच स्थानीय तहका स्याउ र आलु जोनमा सूचीकृत ५७ जना किसानलाई उनीहरुको मागमा आधारित कृषि यान्त्रिक उपकरण ५० प्रतिशत अनुदान सहुलियत मङ्गलबारदेखि हस्तान्तरण गरिन थालिएको उहाँको भनाइ छ। कार्यालयअनुसार चालु आवमा एकाइबाट १९ लाख र लाभग्राही किसानबाट १९ लाख गरी ३८ लाख बढीको यान्त्रिक कृषि उपकरण हस्तान्तरण भएको हो । एकाइले स्याउ र आलु जोनमा सूचीकृत किसानलाई एक लाख २० हजार मुल्य पर्ने डिजेलवाला हाते ट्र्याक्टर १२ थान, ८० हजार मूल्य पर्ने पेट्रोलवाला हाते ट्र्याक्टर १७ थान र सानो खालको पेट्रोलवाला हाते ट्र्याक्टर दुई थान गरी ३१ थान हाते ट्र्याक्टर हस्तान्तरण गरेको हो।

# उत्तरी गोरखाबाट गम्भीर अवस्थाकी सुत्केरीको हेलीबाट उद्धार

**पोखरापत्र संवाददाता**
गोरखा, १३ जेठ

उत्तरी गोरखा विकट धार्चे गाउँपालिकाकी एक गम्भीर अवस्थाकी सुत्केरी महिलाको हेलिकोप्टरबाट उद्धार गरिएको छ। धार्चे गाउँपालिका-२ केरौंजाकी सुत्केरी विमला विकलाई नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरी काठमाडौं थापाथलीस्थित परोपकार प्रसूतिगृह पुऱ्याइएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो ।

चौबीस वर्षकी विकलाई सुत्केरी हुँदाको गम्भीर बिरामी (इक्लामसिया) भएकाले उद्धार गरिएको सप्रजिअ शर्माले जानकारी दिनुभयो ।

विक १३ दिनअघि सुत्केरी हुनुभएको थियो । तर आज बिहान एक्कासि बिरामी भएर ढलेको र तत्काल सघन उपचारको खाँचो परेकाले उद्धार गर्नुपरेको धार्चे स्वास्थ्य शाखाका अमृत घलेले जानकारी दिनुभयो । "यो अवस्थामा तत्काल आइसियुमा राखेर उपचार नगरे ज्यान जाने जोखिम भएकाले दिउँसो २:०० बजेतिर हेलिकोप्टरमा उद्धार गरी काठमाडौं पुऱ्याइएको हो", उहाँले भन्नुभयो, "अहिले सुत्केरीको अवस्था गम्भीर नै छ । केरौंजा स्वास्थ्यचौकीबाट एकजना स्वास्थ्यकर्मी र बिरामी कुरुवा पनि सोही हेलिकोप्टरमा पठाएका छौं ।"

# भूमिहीनलाई घर उपहार

**पोखरापत्र संवाददाता**
बलेवा, १३ जेठ

बागलुङको जैमिनी नगरपालिकाले १८ सुकुमवासी परिवारलाई आवासको व्यवस्था गरेको छ।

जग्गा र घरबारविहीन भई भाडाको घरबाट जीविकोपार्जन गर्दै आइरहेका १८ परिवारलाई आवासको व्यवस्था गरिएको हो । चालु आर्थिक वर्षमा १५ र गत वर्ष तीन सुकुम्वासी परिवारलाई बसोबासको व्यबस्था मिलाइएको हो । आवास पाउनेमा अधिकांश दलित समुदायका छन् । स्थानीय सरकारले आवासको व्यवस्था गरिदिएपछि सुकुमवासी परिवारको आँगनमा खुसी आएको छ। वडा नं १ कुश्मीसेराका मुहमद बसिर मियाँ, मुमिना खातुन, रत्नखर पाध्याले घर पाएका छन् । वडा नं २ दमेकका शान्ति सुनार, सुविकला परियार, देवीराम विक, कोपिला परियार वडा नं ३ का मनमाया विक, कौशिला विक, लिलावती पुनलाई र वडा नं ६ अर्जेवाका द्रुपदा उपाध्यायलाई नगरले घर बनाई दिएको हो। वडा नं ७ जैदीका कुलबहादुर सुनार, सन्तबहादुर विक र रिता नेपाली र वडा नं ८ छिस्तीका सन्तबहादुर विक 'लमजुङे माइला', सोमनाथ विक, मनबहादुर दमै, कर्णबहादुर दर्जी, सन्तबहादुर विकलाई आवासको व्यवस्था गरिएको छ । सुकुमवासी परिवारलाई घर निर्माणका लागि जग्गा खरिद गर्न एक लाख र घर बनाउन दुई लाख रुपैयाँ उपलब्ध गराएको जैमिनीका उप-प्रमुख हरिहर शर्माले जानकारी दिनुभयो। पालिकाले आवासविहीन परिवारलाई कार्यविधि नै बनाएर साथ दिँदै आएको नगरपालिकाले जनाएको छ।

## गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

**प्रकाशित मिति: २०८३/०२/१४**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-८, सभागृहचोकको स्वामित्वमा रहेको तपशिल बमोजिमको जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा यस सहकारी संस्थाको कार्यालय, सभागृहचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रीतपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आह्वान गरिन्छ। यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठ) औं दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता र बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट दिनको १ बजे बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने र नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको कार्यालयमा सम्पर्क गर्नुहोला ।

तपसिल

बोलपत्र खुल्ने मितिः २०८३/०२/२१ गते बिहीबार
समयः दिनको १:०० बजे
स्थानः संस्थाको कार्यालय, सभागृहचोक, पोखरा-८, कास्की ।

तपसिल

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कास्की | अर्घौं | ८ | ०९४१०४४१ | ३५४५ | ०-४-१-१ १३७।१० व.मि. | जग्गा | हाल पोखरा म.न.पा. वडा नं. २६ |

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**

## अत्यावश्यक कागजात हराएको सूचना

**म रोजी वि.क.को चाउथेदेखि अमरसिंहचोक आउने क्रममा क्रममा जन्मदर्ता, नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचय पत्र, एसईई, कक्षा ११ र १२ को सक्कल प्रमाणपत्र लगायतका कागजातहरु मिति २०८३/०१/२४ गते हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नागरिकता प्रमाणपत्र नं.:** ४९-०१-८२-०५४४६
**राष्ट्रिय परिचय पत्र नं.:** ४३६४५१६७४३
SEE Symbol No.: 04101715G
Class 11&12 Registration No.: 814370020021
Class 11 Symbol No.: 0811121
Class 12 Symbol No.: 23700060

**नामः रोजी वि.क.**
**ठेगानाः पोखरा-३२, राजाको चौतारा,बयरघारी**
**सम्पर्क नं.: ९७०२२६८५६५**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २२ मा भगवती आबि देखि कोलढुंगासम्म सिंडी बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**
**योजनाको नाम : भगवती आबिदेखि कोलढुंगासम्म सिंडी बाटो निर्माण**
**उपभोक्ता समितिको नाम : भगवती आबि देखि कोलढुंगासम्म सिंडी बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२२, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः मिलन नेपाली**
**सम्पर्क नं : ९८२४१४५५९२**
**जम्मा सदस्य संख्या : ८**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/०९/०४**
**योजना सुरु मिति : २०८२/०९/०५**
**योजना सम्पन्न हुने मिति : २०८३/०२/३०**
**सम्पन्न भएको मितिः २०८३/०२/०५**
**महानगरपालिकाबाट : रु. ५,००,०००/-**
**जनसहभागिता : रु. ५५,९४२/९९**
**योजनाको कुल लागत : रु. रु. ५,५५,९४२/९९**